# नेत्रावती डबजोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सेमजोङ, धादिङ
बागमती प्रदेश, नेपाल

☎ ९८८५११००५१३
netrawatimun@gmail.com
netrawatimun.gov.np


पत्र संख्या:०७८/७९
चलानी संख्या: ५८५

## कर्मचारीको कार्य विवरण

**शाखा : प्रशासन शाखा**

| | |
|---|---|
| नेत्रावती डबजोङ गाउँपालिका<br>कार्यविवरण फाराम | पद सङ्केत :<br>सेवा : प्रशासन<br>समूह/उपसमुह : सामान्य प्रशासन |
| १. पदको नाम : प्रशासन अधिकृत सातौं<br>२. कर्मचारीको नाम र संकेत नं : अनुप लामिछाने<br>३. श्रेणी : अधिकृत सातौं<br>४. कर्मचारीको ठेगाना : सहिदलखन गाउँपालिका, गोरखा | ५. कार्यालयको नाम : नेत्रावती डबजोङ गाउँपालिका,<br>गाउँकार्यपालिकाको कार्यालय, प्रशासन शाखा<br>६. ठेगाना : बागमती प्रदेश नेपाल, जिल्ला धादिङ<br>७. स्थान : सेमजोङ |

### ७. कार्य विवरण

- कार्यालयको सुरक्षा र सरसफाइ तथा कर्मचारीहरुको खटनपटन गर्ने ।
- कर्मचारीहरुको व्यक्तिगत विवरण, बिदा तथा अन्य अभिलेखको अद्यावधिकता गर्ने ।
- गाँउपालिकाको सम्पत्तिको सुरक्षा गर्ने गराउने ।
- विभिन्न वैठकहरुको उपयुक्त व्यवस्थापन र निर्णय पुस्तिकाको सुरक्षा गर्ने ।
- सिफारिससँग सम्बन्धित कार्यहरुको यथासक्य छिटै सम्पादन र कागजातहरुको अभिलेख व्यवस्थित गर्ने ।
- आवश्यक कर्मचारीहरुको दरबन्दी सृजना र व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- स्वीकृत दरबन्दी अनुसार नयाँ नियुक्ति तथा वढुवा सम्बन्धी सुचनाहरु व्यवस्थित रुपमा राख्ने ।
- आवस्यकता अनुसार कर्मचारीलाई खटाउने,जिम्मेवारी तोक्ने ।
- स्थानीय व्यापार, वस्तु उत्पादन सेवा व्यापार तथा बजार अनुगमन र नियमन गर्ने ।
- गाँउपालिका भित्रको पुरातत्विक सास्कृतिक तथा अन्य सरकारी सम्पतिहरुको एकीकृत विवरणहरु राखी हेरचाह तथा संरक्षणको लागि सहकार्य गर्ने ।
- गाँउपालिका भित्र उत्पादित तथा वितरित बिभिन्न बस्तु तथा सेवाहरुको गुणस्तर नियमन गर्ने ।
- उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति कानुन मापदण्डको कार्यान्वयन र नियमन गर्ने ।
- अस्थायी / करार कर्मचारीको म्याद थप सम्बन्धमा समयमै जानकारी गराउने ।
- प्रशासनलाई चुस्त दुरुस्त र प्रभावकारी बनाई छिटो छरितो एवंम सर्वसुलभ रुपमा सेवा तथा कार्य सम्पादन गर्न गराउन सहयोग गर्ने ।
- कर्मचारीको व्यक्तिगत विवरण, बिदा तथा काजको अभिलेख दुरुस्त राख्ने ।
- समयमै पत्राचार गर्ने र बुझाएका पत्रहरुको भरपाई व्यवस्थित रुपमा राख्ने ।
- वैठकमा भएका निर्णयहरुको लेखन कार्यमा सहयोग गर्ने तथा निर्णय पुस्तिका सुरक्षितसाथ राख्ने ।
- गाँउपालिकाको सार्वजनिक बिदा, उत्सव, जात्रा आदिको व्यवस्थापनको लागि सहकार्य गर्ने ।
- गाँउकार्यपालिकाको निर्णयलाई सुरक्षित राखी वेवसाइटमा राख्ने व्यवस्था मिलाउने ।
- निर्वाचित जनप्रतिनिधि तथा पदाधिकारीहरुको व्यवस्थित रुपमा अभिलेख राख्ने ।
- नियामानुसार तोकिएका क्षेत्रहरुमा सिफारिसका लागि आवश्यक कागजातहरु तयार गर्ने ।
- भएका सिफारिस सम्बन्धित सेवाग्राहीलाई उपलब्ध गराई कार्यालय प्रति सुरक्षित साथ राख्ने व्यवस्था मिलाउने ।
- कर्मचारीको दैनिक उपस्थिति हाजिरी र लगवुक कार्यान्वयनमा ल्याउने ।
- जनप्रतिनिधिहरुको वैठक संचालनका लागि आवश्यक वैठक कक्षको व्यवस्था र समय मिलाउने ।

- आवश्यकता अनुसार अन्य प्रसाशनिक कार्य गर्ने ।
- अन्य तोकिए बमोजिमका कार्य गर्ने ।

अन्य कार्यहरु:

- प्रचलित कानुनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्देश गरे अनुसारका अन्य कार्यहरु गर्ने ।
- प्रचलित कानुनहरुमा ब्यबस्था भए बमोजिमका कार्यहरु गर्ने ।

८.कर्तब्य

| | |
|---|---|
| १. | कार्यालय समयमा उपस्थित हुने र अनिवार्य रुपमा कार्यालय पोशाक र परिचय पत्र लगाउने, |
| २ | पहिलो आउने सेवाग्राहीलाई पहिलो प्राथमिकता दिदै सेवा प्रवाह गर्ने, |
| ३ | बृद्ध,अशक्त र अपाङ्गता भएका नागरीकलाई पहिलो प्राथमिकता दिने, |
| ४ | सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने । |

**९ आवश्यक योग्यता :**

| | |
|---|---|
| मेरो पदसंग सम्बन्धित उपर्युक्त काम,कर्तव्य,उत्तरदायित्व तथा अधिकारको विवरण पूर्ण एवं ठिक साँचो हो ।<br><br>.........................................<br><br>कर्मचारीको दस्तखत<br>मिति.................................. | यस पदसंग सम्बन्धित उपर्युक्त काम,कर्तव्य,उत्तरदायित्व तथा अधिकारको विवरण पूर्ण एवं ठिक साँचो हो ।<br><br>.........................................<br>निकटतम् अधिकारीको दस्तखत<br><br>नाम :<br>मिति :..................<br><br>.........................................<br>कार्यालय प्रमुखको दस्तखत<br><br>नाम :<br>मिति :..................<br><br>हरेराम<br>प्रमुख प्रशासकीय अधिकृत |

नेत्रावती डबजोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेमजोङ, धादिङ
बागमती प्रदेश, नेपाल
९८५११००५१३
netrawatimun@gmail.com
netrawatimun.gov.np

पत्र संख्या:०७८/७९
चलानी संख्या: ५५०

## कर्मचारीको कार्य विवरण

**शाखा : स्वास्थ्य शाखा**

| | |
|---|---|
| नेत्रावती डबजोङ गाउँपालिका<br>कार्यविवरण फाराम | पद सङ्केत : ९५६८४६<br>सेवा : स्वास्थ्य<br>समूह/उपसमुह :स्वास्थ्य/हे.ई. |
| १. पदको नाम : सि.अ.हे.व. अधिकृत<br>२. कर्मचारीको नाम र संकेत नं : कृष्ण बहादुर पौडेल<br>३. श्रेणी : अधिकृत छैठौं<br>४. कर्मचारीको ठेगाना : नीलकण्ठ नगरपालिका, वडा नं ८, धादिङ | ५. कार्यालयको नाम : नेत्रावती डबजोङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, स्वास्थ्य शाखा<br>६. ठेगाना : बागमती प्रदेश नेपाल, जिल्ला धादिङ<br>७. स्थान : सेमजोङ |

### ७. कार्य विवरण

**७.१ योजना तर्जुमा**

- राष्ट्रिय स्वास्थ्य नीति,नेपाल स्वास्थ्य क्षेत्र रणनीति,दिगो विकास लक्ष्य,बजेट सिलिङ्गका आधारमा स्थानीय तहमा गर्नुपर्ने स्वास्थ्य सम्बन्धी कार्यक्रम एवम् क्रियाकलापको प्रारम्भिक योजना तयार गर्ने ।
- संघ,केन्द्रबाट सशर्त रुपमा प्राप्त बजेट साथै स्थानीय तहबाट अधिकतम् बजेट स्वास्थ्यमा विनियोजनको लागि पहल गर्ने र दुबै तर्फको बजेटबाट योजना तर्जुमा गर्ने ।
- वार्षिक स्वास्थ्य योजना स्वीकृतिका लागि सभामा पेश गर्ने ।
- स्थानीय तहका स्वास्थ्य सूचांक पहिचान गरी तथ्यमा आधारित नयाँ कार्यक्रमहरु प्रस्ताव गर्ने ।
- स्वीकृत कार्यक्रमहरु संचालनको लागि आवश्यकताको आधारमा प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरुलाई परिचालन गर्ने ।

**७.२ बजेट व्यवस्थापन**

- स्थानीय तहको लागि स्वास्थ्य क्षेत्रको वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने र स्वीकृतिका लागि पहल गर्ने ।
- स्वीकृत बजेट नियमानुसार समयमै खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गराउने ।
- स्थानीय स्वास्थ्य संस्थाहरुमा संचालन हुने कार्यक्रमहरु स्वास्थ्य संस्थाहरुबाट नै संचालन गर्ने र नियमानुसार फछ्यौंट गर्ने ।

**७.३ आधारभूत स्वास्थ्य सेवा संचालन र प्रवर्द्धन**

**(क) खोप कार्यक्रम :**

- स्वास्थ्य संस्था तथा खोप केन्द्रहरु मार्फत नियमित गुणस्तरीय खोप सेवाको पहुँच र उपलब्धता भएको सुनिश्चित गर्ने ।
- आफ्नो स्थानीय तहमा खोपको लागि सुक्ष्म योजना तयार गर्दै हरेक बालबालिकाले पूर्ण खोप पाएको सुनिश्चितता गर्ने ।
- सङ्घीय एवम् प्रादेशिक सरकारको समन्वयमा आवश्यकता अनुसार खोप कार्यक्रम अभियान संचालन गर्ने खोप र सामाग्रीको नियमित आपुर्ती तथा cold chain को आवश्यक व्यवस्था मिलाउने ।
- Vaccine Preventable Diseases को surveillance को व्यवस्थापन गर्ने ।

**(ख) सुरक्षित मातृत्व एवं नवजात शिशु स्वास्थ्य :**

- स्थानीय तहका स्वास्थ्य एवम् स्वास्थ्य संजाल मार्फत गुणस्तरीय गर्भवती,प्रसुती,सुत्केरी सेवाको पहुँच उपलब्ध

र उपयोग भएको सुनिश्चित गर्ने ।

- स्थानीय तहमा सबैको पहुँच र उपलब्धता हुने गरी गुणस्तरीय संस्थागत प्रसुती (Birthing Center) सेवाको लागि दक्ष प्रसुतीकर्मीको नियमित उपलब्धता एवम् औषधी उपकरणको उपलब्धता सुनिश्चित गर्ने ।
- संस्थागत प्रसुती सेवा २४ सै घण्टा उपलब्ध हुने व्यवस्था मिलाउने ।
- गुणस्तरीय आधारभूत नवशिशु स्याहार सेवाको पहुँच तथा उपलब्ध भएको सुनिश्चित गर्ने ।
- गर्भवती,प्रसुती,सुत्केरी अवस्था तथा नवशिशुमा हुन सक्ने जटिलताको व्यवस्थापनको लागि Emergency Obstetric and neonatal care (जस्तै BEONC,CEONC) सेवाका साथै आवश्यकता अनुसार प्रेषणको व्यवस्था मिलाउने ।
- आमा सुरक्षा जस्ता राष्ट्रिय प्राथमिकतामा रहेका कार्यक्रमहरुलाई महत्व दिदै स्थानीय श्रोत र साधनको प्रयोग गरी सुरक्षित मातृत्व कार्यक्रमलाई टेवा पुग्ने अन्य कार्यक्रम एवम् क्रियाकलाप संचालन गर्ने ।

**(ग) पोषण :**

- पाँच वर्ष मुनिका बालबालिका,किशोर किशोरी साथै गर्भवती एवम् सुत्केरी महिलाहरुको पोषण स्थिति सुधार गर्नको लागि पोषण सम्बन्धी प्रवर्द्धनात्मक क्रियाकलापहरुको योजना तयार गरी स्थानीय श्रोत र साधनको अधिकतम् प्रयोग गरेर संचालन गर्ने ।
- लक्षित समुहलाई तथ्यको आधारमा आवश्यकता अनुसार सूक्ष्म पोषक तत्वहरु (जस्तै Vitamin A, Iron folate,iodine) वितरण व्यवस्था मिलाउने ।
- कुपोषित बालबालिका,गर्भवती एवं सुत्केरी महिलाहरुको साथै अन्य कुपोषित बिरामीहरुको पहिचान गरी आवश्यकता अनुसार उपचारको व्यवस्था मिलाउने ।
- खाद्यमा आधारित पोषण कार्यक्रमलाई प्राथमिकता दिदै खाद्य पदार्थको गुणस्तरीयता सुनिश्चित गर्ने ।

**(घ) समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रम :**

- पाँच वर्ष मुनिका बालबालिका लगायत नवशिशुको स्वास्थ्य प्रवर्द्धन गर्न एवम् देखा पर्न सक्ने स्वास्थ्य समस्याहरु रोकथाम गर्न समुदायस्तरमा विभिन्न क्रियाकलाप संचालन गर्ने ।
- पाँच वर्ष मुनिका बालबालिका लगायत नवशिशुमा देखा पर्ने स्वास्थ्य समस्याहरुको एकीकृत व्यवस्थापनका लागि समुदाय एवं स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने गुणस्तरीय सेवाको सुनिश्चितता गर्ने ।
- नवशिशुको निशुल्क उपचार सेवाको व्यवस्था मिलाउने ।

**(ङ) परिवार नियोजन सेवा :**

- स्वास्थ्य संस्थाहरु,स्वास्थ्यकर्मीहरु तथा स्वयंसेवकहरु मार्फत अस्थायी परिवार नियोजन सम्बन्धी परामर्श एवम् सेवा उपलब्ध भएको सुनिश्चित गर्ने ।
- आवश्यकता अनुसार स्थायी बन्ध्याकरण सेवा उपलब्ध हुने व्यवस्था मिलाउने ।
- नियमित रुपमा सेवा प्रवाहका लागि परिवार नियोजनका साधनहरुको आपुर्ती,भण्डारण तथा वितरणको व्यवस्था मिलाउने ।
- परिवार नियोजन सेवाग्राहीहरुको Follow up गर्ने तथा defaulters हरुको पहिचान गर्ने व्यवस्था मिलाउने ।
- परिवार नियोजन सेवामा पहुँच अभिबृद्धि गर्न आवश्यक व्यवस्था मिलाउने ।

**(च) किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य सेवा :**

- किशोर किशोरी परामर्श र स्वास्थ्य सेवाहरुको पहुँच र उपलब्धता बढाइ गुणस्तरयुक्त जानकारी प्रदान गर्ने ।
- स्वास्थ्य सुविधाहरु किशोर किशोरीको लागि मैत्रीपुर्ण बनाउने ।
- किशोर किशोरी,सेवा प्रदायक र सूचना प्रदायकहरुको ज्ञान र सिपको विकास गर्ने ।

**(छ) औलो र कालाजार नियन्त्रण कार्यक्रम :**

- औलो र कालाजार जस्ता जनस्वास्थ्य समस्याको रुपमा रहेका रोगको रोकथामको लागि जोखिममा रहेका समुदायहरुको पहिचान गरी रोकथामका कार्यक्रमहरु संचालन गर्ने ।
- तोकिएको मापदण्ड अनुसार स्वास्थ्य संस्थाहरुबाट औलो र कालाजार रोगको पहिचान र उपचार गर्न व्यवस्थापन गर्ने ।
- सङ्घीय तथा प्रादेशिक मार्गनिर्देशन अनुसार औलो र कालाजार नियन्त्रणका लागि आवश्यक क्रियाकलाप गर्ने ।

**(ज) क्षयरोग नियन्त्रण :**

- जोखिममा रहेका समुदायहरु पहिचान गरी रोगथामका कार्यक्रमहरु संचालन गर्ने ।

- तोकिएको मापदण्ड अनुसार शंकास्पद क्षयरोगका बिरामीहरुको पहिचान र उपचारको व्यवस्था गर्ने ।
- सङ्घीय तथा प्रादेशिक मार्गनिर्देशन अनुसार क्षयरोग नियन्त्रणका लागि आवश्यक क्रियाकलाप गर्ने ।

**(झ) कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन :**

- जोखिममा रहेका समुदायहरु पहिचान गरी रोकथामका कार्यक्रमहरु संचालन गर्ने ।
- तोकिएको मापदण्ड अनुसार कुष्ठरोगका बिरामीहरुको पहिचान र उपचारको व्यवस्थापन गर्ने ।
- सङ्घीय तथा प्रादेशिक मार्गनिर्देशन अनुसार कुष्ठरोग नियन्त्रणका लागि आवश्यक क्रियाकलाप गर्ने ।
- कुष्ठरोग तथा अन्य कारणबाट अपाङ्गता भएका व्यक्तिहरुको लागि पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्था मिलाउने र उनीहरुले समुदायमा गुणस्तरीय जीवनयापन गर्न सक्षम बनाउनको लागि कार्यक्रमहरु संचालन गर्ने ।
- स्थानीय स्वास्थ्य संस्थाहरुमा असक्तहरुको लागि मैत्रीपूर्ण स्वास्थ्य सुविधा तथा सेवाहरुको व्यवस्था मिलाउने ।

**(ञ) हात्तिपाईले रोग नियन्त्रण :**

- जोखिममा रहेका समुदायहरु पहिचान गरी रोकथामका कार्यक्रमहरु संचालन गर्ने ।
- तोकिएको मापदण्ड अनुसार कुष्ठरोगका बिरामीहरुको पहिचान र उपचारको व्यवस्थापन गर्ने ।
- सङ्घीय तथा प्रादेशिक मार्गनिर्देशन अनुसार स्थानीय आवश्यकता अनुसार कार्यक्रम संचालन गर्ने ।
- हात्तिपाईले रोगबाट अपाङ्गता भएका व्यक्तिहरुको लागि पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्था मिलाउने र उनीहरुले समुदायमा गुणस्तरीय जीवनयापन गर्न सक्षम बनाउनको लागि कार्यक्रमहरु संचालन गर्ने ।

**(ट) एच.आई.भी.एड्स एवम् यौनरोग नियन्त्रण सम्बन्धी कार्यक्रम :**

- जोखिममा रहेका समुदायहरु पहिचान गरी रोकथामका कार्यक्रमहरु संचालन गर्ने ।
- तोकिएको मापदण्ड अनुसार एच.आई.भी.एड्स एवं यौनरोग बिरामीहरुको पहिचान र उपचार गर्ने व्यवस्था मिलाउने ।
- ART र PMTCT लागायतका अन्य सेवाहरु निरन्तर उपलब्ध गर्ने व्यवस्था मिलाउने ।
- सङ्घीय तथा प्रादेशिक मार्गनिर्देशन अनुसार एच.आई.भी.एड्स एवं यौनरोग नियन्त्रणका लागि आवश्यक क्रियाकलाप संचालन गर्ने ।
- एच.आई.भी.एड्सबाट संक्रमित तथा प्रभावित व्यक्तिहरुलाई समुदायमा पुनर्स्थापना गरी गुणस्तरीय जीवनयापन गर्न कार्यक्रमहरु संचालन गर्ने ।

**(ठ) सामान्य रोग तथा चोटपटकको उपचार र व्यवस्थापन :**

- स्वास्थ्य संस्थाहरुबाट नियमित बहिरंग सेवा संचालनको लागि व्यवस्थापन गर्ने ।
- अन्तरंग सेवाबाट दिनु पर्ने संस्थाबाट अन्तरंग सेवाको व्यवस्था मिलाउने ।
- स्थानीय स्वास्थ्य संस्थाहरुमा उपचार हुन नसकेका बिरामीलाई प्रेषण गर्न सहयोग गर्ने ।

**(ड) आकस्मिक स्वास्थ्य सेवा :**

- स्थानीय तहका स्वास्थ्य संस्था (निजी तथा सरकारी) हरुमा आकस्मिक सेवा आवश्यक भएका सबै बिरामीहरुले यथाशिघ्र,सर्वसुलभ रुपमा गुणस्तरीय आकस्मिक स्वास्थ्य सेवा पाउने व्यवस्था भएको सुनिश्चित गर्ने ।
- आकस्मिक स्वास्थ्य सेवा नियमित रुपमा प्रवाह भएको सुनिश्चित गर्ने ।

**(ढ) सामान्य स्वास्थ्य प्रयोगशाला सेवा :**

- प्राथमिक स्वास्थ्य केन्द्र एवम् स्वास्थ्य चौकीहरुबाट सामान्य स्वास्थ्य प्रयोगशाला सेवा उपलब्ध हुने व्यवस्था मिलाउने ।
- प्रयोगशाला जाँचको नियमित गुणस्तर नियन्त्रणको लागि समन्वय गर्ने ।

**(ण) नसर्ने रोग रोकथाम र सडक दुर्घटना :**

- नसर्ने रोगको रोकथाम एवम् स्वास्थ्य जीवनशैली सम्बन्धी जनचेतना बढाउन क्रियाकलापहरु गर्ने ।
- स्वास्थ्य संस्थाहरुबाट नसर्ने रोगहरुको स्किनिङ,निदान,उपचारको व्यवस्थापन गर्ने र जटिल रोगहरुको पहिचान गरी अस्पतालमा रिफरलको व्यवस्थापन गर्ने ।
- राजमार्ग एवं जोखिमयुक्त क्षेत्रहरुमा रहेका स्वास्थ्य संस्थाहरुलाई सडक दुर्घटनाको प्राथमिक उपचारको केन्द्रको रुपमा तयार गर्ने । सडक दुर्घटनामा परेकाहरुलाई यथाशिघ्र प्रेषण गर्ने व्यवस्था मिलाउने ।

**(त) मानसिक स्वास्थ्य कार्यक्रम :**

- मानसिक स्वास्थ्य सम्बन्धी समुदायमा प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्ने ।
- स्वास्थ्य संस्थाहरुबाट मानसिक रोगको पहिचान गरी उचित परामर्श,उपचार तथा प्रेषण गर्ने व्यवस्था मिलाउने ।

**(थ) Out Reach सेवा :**

- आधारभूत स्वास्थ्य सेवाहरु जस्तै परिवार नियोजन,बाल स्वास्थ्य,सुरक्षित मातृत्व र नव शिशुमा पहुँच सुधार गर्ने स्वास्थ्य संस्थाहरुबाट नियमित Primary health care Out reach service तथा satellite clinic नियमित संचालनको सुनिश्चितता गर्ने ।
- दुर्गम क्षेत्रका जनताहरुले पनि विशेषज्ञ सेवाको अनुभूति गरेको सुनिश्चितता गर्नको लागि निश्चित समययमा संचालन गर्न समन्वय गर्ने ।

**७.४ महामारी एवम् विपद् व्यवस्थापन :**

- स्थानीय तहमा हुन सक्ने महामारी रोग तथा विपद्को जोखिम निर्धारण गर्ने सो सम्बन्धी contingency plan बनाउने ।
- स्थानीय तहमा हुन सक्ने महामारी रोकथाम तथा विपद् सम्बन्धी जनचेतनाका कार्यक्रमहरु संचालन गर्ने ।
- महामारी तथा विपद् व्यवस्थापनको लागि स्थानीय तह र वडास्तरमा Rapid Response Team (RRT) गठन गरी सक्रिय गराउने ।

**७.५ स्वास्थ्य शिक्षा तथा जनस्वास्थ्य सेवाको प्रवर्द्धन :**

- स्थानीयस्तरमा सञ्चालित जनस्वास्थ्य कार्यक्रमका बारेमा जनसमुदायमा जनचेतनाका कार्यक्रम संचालन गर्न पहल गर्ने ।
- स्वस्थ जीवनशैली,पोषण,शारीरिक व्यायाम,योग अभ्यास,स्वास्थ्य वृत पालना,पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन गर्न पहल गर्ने ।
- सुर्तिजन्य पदार्थ,मदिरा र लागु पदार्थ प्रयोगमा नियन्त्रण तथा सचेतना अभिबृद्धि गर्न कार्यक्रमहरु संचालन गर्ने ।
- स्वास्थ्य तथा सरसफाइसंग सम्बन्धित विभिन्न दिवसहरु मनाउने व्यवस्था मिलाउने ।

**७.६ विद्यालय स्वास्थ्य कार्यक्रम :**

- स्थानीयस्तरका हरेक विद्यालयहरुमा नियमित रुपमा विद्यालय स्वास्थ्य शिक्षा र आयुर्वेद शिक्षा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउने ।
- विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गर्न विद्यालयसंग समन्वय गर्ने ।

**७.७ महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम :**

- महिला स्वास्थ्य स्वयंसेविकाहरु छनोट र बिदाईमा सहजीकरण गर्ने,सेवाबाट विदा लिन चाहने महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मानजनक रुपले विदा गर्ने व्यवस्था मिलाउने ।
- नयाँलाई आधारभूत तालिम र पुरानालाई पुनर्ताजगी तालिम दिन आवश्यक व्यवस्था मिलाउने ।
- महिला स्वास्थ्य स्वयंसेविकालाई उनीहरुको सेवासंग सम्बन्धित औषधि,उपकरण एवम् सामाग्रीहरु उपलब्ध भएको सुनिश्चितता गर्ने ।
- महिला स्वास्थ्य स्वयंसेविकाबाट प्रदान गरिने सेवाहरु गुणस्तरीय बनाउनको लागि नियमित सहयोगात्मक सुपरीवेक्षण तथा अनुगमन गरिएको सुनिश्चितता गर्ने ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको समीक्षा कार्यक्रम संचालन गर्ने ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुमा प्रोत्साहन र उत्प्रेरणा जगाउन विभिन्न क्रियाकलाप संचालन गर्ने ।

**७.८ आपूर्ती :**

- स्थानीयस्तरमा औषधी र स्वास्थ्य उपकरणको खरिद गर्न प्रक्षेपण तथा परिमाण निर्धारण लगायतका प्राविधिक सहयोग गर्न समन्वय गर्ने ।
- स्वास्थ्य सेवा सम्बन्धी औषधी,उपकरण एवम् औजारहरु सुरक्षित भण्डारणको व्यवस्था मिलाउने ।
- स्थानीय स्वास्थ्य संस्थाहरुको ASL र EOP निर्धारण गर्न सहयोग गर्ने ।
- स्वास्थ्य संस्थाहरुमा आपूर्ती सम्बन्धी अभिलेख राखिएको सुनिश्चित गर्ने ।

- स्वास्थ्य संस्थाहरुको आपूर्ति सम्बन्धीको प्रतिवेदन नियमित रुपमा प्राप्त गर्ने व्यवस्था मिलाउने र सो को विश्लेषण गरी आवश्यक कारबाही गर्ने ।
- स्वास्थ्य संस्थाहरुबाट माग भए अनुसारको औषधी,उपकरण एवम् औजारहरु उपलब्ध गराउने व्यवस्था मिलाउने र सो सम्बन्धी अभिलेख राख्ने ।

**७.९ अनुगमन र सुपरीवेक्षण :**

- नियमित एवं एकीकृत अनुगमन तथा सुपरीवेक्षण गर्नका लागि कार्यतालिका र स्वास्थ्य सुचांक अनुसारको चेकलिष्ट बनाउने ।
- स्वास्थ्य संस्थाहरुबाट संचालन भएका स्वास्थ्य सेवाका कार्यक्रमहरुको नियमित अनुगमन गर्ने र आवश्यक कारवाही गर्ने ।
- स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई सहयोगात्मक सुपरीवेक्षण गर्ने ।
- स्वास्थ्य संस्थाबाट समुदायमा खटिने कर्मचारी एवं स्वयम् सेवकहरुको सुपरीवेक्षण भएको सुनिश्चित गर्ने ।
- अनुगमन तथा निरीक्षणको प्रतिवेदन अध्ययन गरी आवश्यक पृष्ठपोषण एवम् आवश्यक कारवाही गर्ने ।

**७.१० अभिलेख र प्रतिवेदन :**

- स्थानीय तहमा रहेका सबै स्वास्थ्य संस्थाहरुबाट (नीजि समेत) बाट प्रदान गरिएका स्वास्थ्य सेवा अभिलेखहरु HMIS अनुसार राखिएको सुनिश्चित गर्ने ।
- स्वास्थ्य संस्थाहरुबाट नियमित तोकिएको ढाँचामा प्रतिवेदनहरु नियमित प्राप्त गर्ने व्यवस्था मिलाउने ।
- संकलित सूचनाहरुको अध्ययन तथा विश्लेषणका आधारमा स्वास्थ्यका प्रमुख समस्याहरुको पहिचान तथा प्राथमिकीकरण गर्ने ।
- स्थानीय तहबाट सम्पादन भएका स्वास्थ्य सेवाका कियाकलापहरुको अभिलेख राख्ने र सम्बन्धित निकायमा यथाशिघ्र वा तोकिएको समयमा प्रतिवेदन गर्ने ।
- स्वास्थ्य संस्था एवम् स्थानीय तहको वार्षिक प्रगति प्रतिवेदन तयार गर्न सहजिकरण गर्ने ।

**७.११. स्वास्थ्य सेवाका जनशक्तिको व्यवस्थापन**

- स्थानीय तहमा रहेका स्वास्थ्य सेवाका जनशक्तिहरुको विवरण राख्ने र नियमित अद्यावधिक गर्ने ।
- स्थानीय तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक स्वास्थ्य सेवाका जनशक्तिको प्रक्षेपण गर्ने ।
- आवश्यक जनशक्ति प्राप्तिको लागि सम्बन्धित निकायहरुसंग सहकार्य गर्ने ।
- उद्धेश्य प्राप्तिमा भएको प्रगतिको आधारमा स्वास्थ्य कार्यक्रमको प्रभाकारिता मुल्यांकन गर्ने र सो कार्यक्रममा सामेल स्वास्थ्यकर्मीलाई पुरस्कारको व्यवस्था मिलाउने ।
- बृती विकासको समान अवसर प्राप्त हुने व्यवस्था मिलाउने ।
- स्वास्थ्य गुनासो व्यवस्थापनको व्यवस्था मिलाउने ।

**७.१२. तालिम व्यवस्थापन**

- स्थानीय तहका स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको तालिम आवश्यकता पहिचान गरी तालिमको विकास, संचालन र मुल्यांकन गर्ने ।
- तालिम संचालन गर्ने सम्बन्धित विभिन्न निकायहरुसंग समन्वय गरी तालिमको संचालन तथा व्यवस्थापन गर्ने ।
- तालिम आवश्यक भएका कर्मचारीहरु पहिचान गरी तालिम संचालन गर्ने विभिन्न निकायहरुसंग समन्वय गरेर तालिमको व्यवस्था गर्ने ।
- तालिम सूचना व्यवस्थापन गर्ने (तालिम सम्बन्धी कर्मचारीहरुको विवरण अद्यावधिक गर्ने)

**७.१३. प्रशासनिक कार्य**

- स्वास्थ्य संस्थाको नियमित प्रशासनिक कार्यहरु दैनिक रुपमा सम्पादन हुने व्यवस्था मिलाउने ।
- विदा, सरुवा एवम् काज जस्ता कर्मचारी व्यवस्थापनका कार्यहरुका लागि कर्मचारी समायोजन नहुदा सम्मका लागि पूर्ववत नै हुने गरी सम्बन्धित जिल्ला जन/स्वास्थ्य एवम् आयुर्वेद स्वास्थ्य केन्द्रसंग आवश्यक समन्वय गर्ने ।

**७.१४. जनसहभागिता र समुदाय परिचालन**

- समुदायमा संचालन हुने स्वास्थ्य सेवाका विभिन्न कियाकलापहरुमा समुदायहरुको सकिय सहभागिता हुने गरि संचालन गर्ने ।
- स्थानीय तहका स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिहरुसंग सहकार्य गर्ने ।

**७.१५. विद्यमान स्वास्थ्य र सरसफाइ सम्वन्धी नीति, कानुन, मापदण्ड तथा योजनाहरु कार्यान्वयन तथा नियमन गर्ने र गराउने ।**

**७.१६. स्थानीय तहको लागि स्वास्थ्य र सरसफाइ सम्वन्धी कानुन, नीति, रणनिति, मापदण्ड, निर्देशिका लगायत अन्य मार्गदर्शनहरु तयार गर्ने एवम् नियमन गर्न सहजिकरण गर्ने**

**क) अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरुको स्थापना तथा संचालन गर्ने**

- स्वास्थ्य सेवामा सबैको पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्न स्थानीय आवश्यकता र राष्ट्रिय मापदण्ड अनुसार आवश्यक अस्पताल, स्वास्थ्य चौकी लगायतका स्वास्थ्य संस्थाहरु स्थापना गर्न पहल गर्ने ।

**ख) स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधारहरुको विकास तथा व्यवस्थापन गर्ने**

- स्थानीय तहको लागि स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन सम्वन्धी कार्यका लागि निम्न विवरण सहितको दस्तावेज निर्माण र नियमित अद्यावधिक गर्ने ।
  - राष्ट्रिय / सङ्घीय तथा प्रदेशको मापदण्ड अनुसार स्थानीय तहको आवश्यकता एवम् भौगोलिक अवस्था अनुसार विभिन्न स्तरका स्वास्थ्य संस्थाहरुको भवनको मापदण्ड एवम् निर्देशिका ।
  - स्थानीय तहमा आवश्यक पर्ने विभिन्न तहका स्वास्थ्य संस्थाको विवरण
  - स्थापना भई सकेका र संचालनमा रहेका स्वास्थ्य संस्थाको विवरण
  - भवनको विवरण सहित स्वास्थ्य संस्थाहरुको विवरण
  - मापदण्ड अनुसारका भवन नरहेका स्वास्थ्य संस्थाहरुको विवरण
- प्राथमिकताको आधारमा स्वास्थ्य संस्थाको लागि वा स्वास्थ्य सेवा प्रवाहको लागि नयाँ भवन निर्माण, भवन मर्मत एवम् retrofitting को लागि योजना तयार गर्ने र सोको कार्यान्वयनको लागि सम्बन्धित निकायमा पहल गर्ने ।
- स्वास्थ्य संस्थाहरुको स्तर अनुसार स्वास्थ्य सेवाका लागि अन्य पूर्वाधारहरु ( औजार उपकरण, गाडी, जेनेरेटर आदि) को लागि मापदण्ड तोकेर योग्यता निर्धारण गर्ने । नयाँ ईन्जिनियरिङ्ग र प्रविधि अनुसार मापदण्ड अद्यावधिक गर्ने ।
- सबै तहका स्वास्थ्य सेवाका लागि अन्य पूर्वाधारहरु मौज्दात अभिलेखिकरण गर्ने ।
- प्राथमिकताको आधारमा आवश्यक पूर्वाधारहरु उपलब्ध गराउनको लागि सम्बन्धित निकायहरुमा पहल गर्ने ।
- स्थानीयस्तरको स्वास्थ्यका पूर्वाधार मर्मत सम्भारका लागि भौतिक पूर्वाधारको मर्मत निर्देशिका निर्माण गरि सोही अनुसार कार्यान्वयव गर्ने ।

**ग) स्वच्छ खानेपानी र खाद्य पदार्थको गुणस्तर**

- स्वच्छ खानेपानी र खाद्य पदार्थ सम्बन्धी जनचेतना जगाउन समुदायमा कार्यक्रमहरु संचालन गर्ने ।
- स्थानीय तहमा स्वच्छ खानेपानीको गुणस्तरको लागि मापदण्ड निर्धारण गर्ने ।
- खानेपानीको नियमित गुणस्तर जाँच गर्ने एवम् आवश्यक कारवाहीको लागि सम्बन्धित निकायहरुसंग समन्वय गर्ने ।
- खाद्य पदार्थ गुणस्तर नियन्त्रणको लागि आवश्यक कानुन बनाउन सहजिकरण गर्ने र सम्बन्धित निकायहरुसंग समन्वय गरि नियमन गर्ने ।

**घ) वायु तथा ध्वनि प्रदुषण नियन्त्रण गर्ने**

- वायु तथा ध्वनि प्रदुषण नियन्त्रण सम्बन्धी कानुन बनाउन एवम् नियमन गर्न सहजिकरण गर्ने ।
- घर भित्रको वायु प्रदुषणबाट स्वास्थ्यमा पर्ने नकरात्मक असरबारे जनचेतना जगाउने तथा यसको नियन्त्रणको लागि सम्बन्धित निकायहरुसंग समन्वय गर्ने ।

**ङ) विभिन्न स्वास्थ्य संस्थाहरुबाट निस्किने स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन गर्ने**

- स्वास्थ्य संस्थाजन्य फोहोरमैला सम्बन्धी निर्देशिका तयार गर्ने ।

- स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापनको अनुगमन र सहयोगात्मक सुपरीवेक्षण गर्ने ।

**च) रक्त संचार सेवा सम्बन्धी सम्पूर्ण कार्यहरुको संचालन तथा व्यवस्थापन गर्ने**

- रक्त संचार सेवा सम्बन्धी कानुन एवम् निर्देशिका तयार गर्ने ।
- रक्त संचार सेवाको नियमन गर्ने ।

**छ) जनरल अस्पताल र नर्सिगहोम, निदान केन्द्र र अन्य स्वास्थ्य संस्थाहरु, क्लिनिक र औषधि पसल दर्ता, संचालन अनुमति र नियमन गर्ने**

- स्थानीय तहमा जनरल अस्पताल र नर्सिगहोम, निदान केन्द्र, क्लिनिक, डायगोन्सटिक सेन्टर लगायत अन्य स्वास्थ्य संस्थाहरु दर्ता, अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका तयार गर्ने ।
- स्थानीय स्वास्थ्य संस्थाको गुणस्तर सेवा प्रदान गरेको सुनिश्चित गर्ने ।

**ज) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापन गर्ने**

- स्थानीय स्तरमा स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमहरुको लागि निर्देशिका तयार गर्ने ।
- स्वास्थ्य बीमा कार्यक्रमलाई सबैको पहुँच, उपलब्धता र उपयोगिताको सुनिश्चित गर्न ।
- स्थानीय स्वास्थ्य संस्थाहरुमा ज्येष्ठ नागरिकहरुको लागि मैत्रीपूर्ण स्वास्थ्य सुबिधा तथा सेवाहरुको व्यवस्था मिलाउने ।
- पिछडिएका वर्ग, अति गरिब, वन्चितिकरणमा परेका, सिमान्तकृत एवम् अल्पसंख्यक समुदायको लागि सामाजिक सुरक्षा कार्यक्रमहरु संचालन गर्ने ।

**झ) स्थानीय स्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण तथा नियमन गर्ने**

- स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण गर्न निर्देशिका तयार गर्न ।
- औषधि तथा अन्य मेडिकल उत्पादनहरुको विक्रि वितरणको नियमन गर्ने ।

**ञ) स्थानीय स्तरमा औषधिको उचित प्रयोग र Antimicrobial Resistance न्युनीकरण गर्ने**

- स्थानीयस्तरमा औषधिको उचित प्रयोगको सुनिष्चतताको लागि मापदण्ड तथा निर्देशिका तयार गर्ने ।
- **Antimicrobial Resistance** न्युनीकरण गर्नको लागि आवश्यक कार्यक्रमहरु संचालन गर्ने ।

**ट) स्थानीय स्तरमा जनस्वास्थ्य निगरानी (Public Health surveillance)**

- स्थानीय स्तरमा Public Health surveillance को लागि निर्देशिका तयार गर्ने ।
- सरोकारवाला निकायहरुसंग समन्वय एवम् सहकार्य गर्न ।

**ठ) सरकारी तथा गैर सरकारी निकायहरु बिचको सम्बन्ध स्थापित गर्ने**

- विभिन्न तहका सरकारी संरचनाहरुसंग निरन्तर समन्वय गर्ने ।
- जिल्ला जन/स्वास्थ्य एवम् अस्पतालहरुसंग निरन्तर समन्वय गर्ने ।
- जिल्ला, प्रदेश एवम् सङ्घीय सरकारी निकायहरुसंग स्वास्थ्य सेवासंग सम्बन्धित कार्यहरु कार्यान्वयनको लागि आवश्यक सम्बन्ध स्थापित गर्ने ।
- स्वास्थ्य क्षेत्रमा काम गर्न ईच्छुक साझा उद्धेश्य भएका गैर सरकारी एवम् वाह्य दातृ निकायहरुसंग समन्वय र सहकार्य गर्ने ।
- गैर सरकारी संघ संस्था एवम् वाह्य दातृ निकायहरुसंग स्थानीय तहका स्वास्थ्य आवश्यकता अनुसार सहयोग प्राप्त गर्न समन्वय गर्ने ।

**१७. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार व्यवस्थापन गर्ने**

**१८. स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडिबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण गर्ने ।**

**१९. अन्य**

- संचालनमा रहेका स्वास्थ्य सेवा एवम् कृयाकलापहरुलाई निरन्तरता दिदै स्थानीय आवश्यकता अनुसार एवम् प्रादेशिक तथा सङ्घीय लक्ष्य प्राप्त गर्नको लागि थप सेवा एवम कृयाकलापहरु संचालन गर्ने

**८.कर्तब्य**

| | |
|---|---|
| १. | कार्यालय समयमा उपस्थित हुने र अनिवार्य रुपमा पोशाक र परिचय पत्र लगाउने, |
| २ | पहिलो आउने सेवाग्राहीलाई पहिलो प्राथमिकता दिदै सेवा प्रवाह गर्ने, |
| ३ | बृद्ध,अशक्त र अपाङ्गता भएका नागरिकलाई पहिलो प्राथमिकता दिने, |
| ४ | सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने । |

**९ आवश्यक योग्यता :**

| | |
|---|---|
| मेरो पदसंग सम्बन्धित उपर्युक्त काम,कर्तव्य,उत्तरदायित्व तथा अधिकारको विवरण पूर्ण एवं ठिक साँचो हो । ।<br><br>..............................................<br>कर्मचारीको दस्तखत<br>मिति..............................<br><br>कृष्ण ब. पौडेल<br>अधिकृत<br>स्वास्थ्य शाखा प्रमुख | यस पदसंग सम्बन्धित उपर्युक्त काम,कर्तव्य,उत्तरदायित्व तथा अधिकारको विवरण पूर्ण एवं ठिक साँचो हो ।<br><br>..............................................<br>निकटतम् अधिकारीको दस्तखत<br><br>नाम :<br>मिति :..................<br><br>..............................<br>कार्यालय प्रमुखको दस्तखत<br>हरि [illegible] साह<br>प्रमुख प्रशासकीय अधिकृत<br><br>नाम :<br>मिति :.................. |

नेत्रावती डबजोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सेमजोङ, धादिङ
बागमती प्रदेश, नेपाल

९८५११००५१३
netrawatimun@gmail.com
netrawatimun.gov.np

पत्र संख्या:०७८/७९
चलानी संख्या: ५२८

## कर्मचारीको कार्य विवरण

**शाखा : प्राविधिक शाखा**

| | |
|---|---|
| नेत्रावती डबजोङ गाउँपालिका<br>कार्यविवरण फाराम | पद सङ्केत :<br>सेवा : ईन्जिनियरिङ<br>समूह/उपसमुह : |
| १.पदको नाम : ईन्जिनियर<br>२.कर्मचारीको नाम र संकेत नं : नमराज काफ्ले<br>३.श्रेणी : ईन्जिनियर सातौं<br>४.कर्मचारीको ठेगाना : कावासोती, नवलपरासी | ५. कार्यालयको नाम : नेत्रावती डबजोङ गाउँपालिका, कार्यालय<br>६.ठेगाना : बागमती प्रदेश नेपाल, जिल्ला धादिङ, स्थान सेमजोङ |

**७. कार्य विवरण**

- दीर्घकालीन,आवधिक तथा वार्षिक योजना तर्जुमा मस्यौदा तयार गर्ने कार्यमा सहयोग पुऱ्याउने ।
- तर्जुमा भएका योजनाहरुको खरिद योजना तयार गरि सोही अनुरुप काम गर्ने गराउने ।
- गाउँपालिकास्तरीय गुरुयोजना निर्माण कार्यमा सहयोग पुऱ्याउने ।
- निर्धारित योजनाहरुको सम्भाव्यता अध्ययन, डिजाइन,नक्शा,लागत अनुमान तयार गर्ने ।
- ठेक्कापट्टा तथा उपभोक्ता समितिद्वारा गरिने योजना कार्यान्वयन प्रक्रिया निर्धारण गर्नका लागि सूचना प्रकाशन,छनौट,स्वीकृति तथा अन्य आवश्यक प्रक्रिया पुरा गर्न कागजात तयार गरी पेश गर्ने ।
- गाउँपालिका भित्र संचालनमा रहेका भौतिक पूर्वाधारहरुको अनुगमन पुर्व गुणस्तर मापदण्ड तयार पारि सोही अनुसार कार्यान्वयन गर्ने ।
- गाउँपालिकामा संचालन हुने आयोजनाको समय समयमा निरीक्षण,अनुगमन,सुपरिवेक्षण तथा मुल्यांकन गर्ने साथै सम्झौता अनुसार निर्धारित समय भित्र योजना सम्पन्न गराउने ।
- संचालन भएको योजनाको नापी किताब, रनिंग विल तथा कार्य सम्पन्न प्रतिवेदन चेक गरी पेश गर्ने ।
- गाउँपालिकाको भौतिक पूर्वाधार तथा विकास निर्माण सम्बन्धी तथ्यांक तथा सूचना संकलन गरी अभिलेख राख्ने ।
- संचालित प्रत्येक आयोजनाहरुको सुरु देखि जाँचपास तथा हस्तान्तरण सम्मको कागजात भएको फाइल खडा गर्ने ।
- गाउँपालिकामा बनिसकेका घर र बन्ने घरको घर कायम र नक्शा पास मापदण्ड अनुसार गर्ने ।
- शाखा भित्र रहेका अन्य कर्मचारीहरुको क्षमता पहिचान गरि क्षमता विकाशमा टेवा पुऱ्याउने ।
- गा.पा. को बिकास निर्माण सम्बन्धी तथ्यांक तथा सूचनाहरु संकलन गर्ने ।
- अन्य तोकिए बमोजिम कार्य गर्ने ।

अन्य कार्यहरु:

- प्रचलित कानुनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्देश गरे अनुसारका अन्य कार्यहरु गर्ने ।
- प्रचलित कानुनहरुमा ब्यबस्था भए बमोजिमका कार्यहरु गर्ने ।
- इन्जिनियरिंग कार्य गर्ने गराउने क्रममा मर्यादित भइ गोपनियताको ख्याल राखी गर्ने।

**८.कर्तब्य**

| | |
|---|---|
| १. | कार्यालय समयमा उपस्थित हुने र अनिवार्य रुपमा कार्यालय पोशाक र परिचय पत्र लगाउने, |
| २ | पहिलो आउने सेवाग्राहीलाई पहिलो प्राथमिकता दिदै सेवा प्रवाह गर्ने, |
| ३ | बृद्ध,अशक्त र अपाङ्गता भएका नागरीकलाई पहिलो प्राथमिकता दिने, |
| ४ | सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने । |

**९ आवश्यक योग्यता :**

| | |
|---|---|
| मेरो पदसंग सम्बन्धित उपर्युक्त काम,कर्तव्य,उत्तरदायित्व तथा अधिकारको विवरण पूर्ण एवं ठिक साँचो हो ।<br><br>.................................................<br><br>कर्मचारीको दस्तखत<br>मिति...............<br>Namaraj Kafle<br>Engineer | यस पदसंग सम्बन्धित उपर्युक्त काम,कर्तव्य,उत्तरदायित्व तथा अधिकारको विवरण पूर्ण एवं ठिक साँचो हो ।<br><br>.......................................<br>निकटतम् अधिकारीको दस्तखत<br><br>नाम :<br>मिति :..................<br><br>.......................................<br>कार्यालय प्रमुखको दस्तखत<br>हरेराम<br>प्रमुख प्रशासकीय अधिकृत<br><br>नाम :<br>मिति :.................. |